# खसड छेडेदह गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## डोगडी बाजुरा
### सुदुरपश्चिम प्रदेश, नेपाल

प.स. २०८१।८२ मिति २०८१।०५।१७

च.न.१६८

**उपभोक्ता समिति गठन सम्बन्धी सुचना**

यस खसड छेडेदह गाउँपालिका डोगडी बाजुराबाट चालु आ.व. २०८१/०८२ मा स्वीकृत भएका योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागी प्रत्येक वस्ती तथा वडाहरुमा लाभग्राहिहरु समावेश भएको उपभोक्ता समिति मिति २०८१/०६/०४ गतेसम्म गठन गरि सक्नुपर्ने, अशोज ९ गतेसम्ममा प्राविधिक इष्टिमेट तयार गरिसक्नु पर्ने र अशोज १५ गतेसम्म गाउँपालिकाको योजना शाखामा सम्झौता गरिसक्नु पर्ने भएकोले सोहि बमोजिम सम्पुर्ण वडा कार्यालयहरु तथा सम्बन्धित सरोकारवाला नागरिकहरुलाई जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ। उपभोक्ता समिति गठन गर्दा तपसिलमा उल्लेख भएका बुँदाहरु अनिवार्य रुपमा लागु गर्न हुन जानकारी गराइन्छ।

**तपसिल**

१. उपभोक्ताहरुको आमभेलाबाट न्युनतम ७ र अधिकतम ११ सदस्यिय उपभोक्ता समिति गठन गर्नुपर्ने।

२. उपभोक्ता समिति गठन गर्दा न्युनतम ३३ प्रतिशत महिला र ९ प्रतिशत दलित उपलब्धता अनुसार समावेश भएको र मुख्य पदाधिकारीहरु मध्ये कम्तिमा १ जना महिला समावेश भएको हुनुपर्ने छ।

३. सार्वजनिक पदमा स्थायी वा अस्थायी रुपले कार्यरत रहि नेपाल सरकारबाट तलबभत्ता तथा सेवासुविधा पाउने कुनै पनि कर्मचारी वा जनप्रतिनिधिले यो समितिमा रहन पाउनेछैन।

४. वडाको जनप्रतिनिधि र वडा सचिवको रोहबरमा मात्रै उपभोक्ता समिति गठन गर्नुपर्ने छ।

५. उपभोक्ता समितिले गाउँपालिकासंग योजनाको सम्झौता गर्दाको बखत योजनामा काम गर्ने कामदारहरुको नामनामेसी र बैठक हिसाव नं. उपलब्ध गराउनुपर्ने छ।

६. योजना सम्झौता गर्दा देहायका आवश्यक कागजातहरु पेश गर्नुपर्ने छ।

- क. उपभोक्ता समिति गठनको निर्णय प्रतिलिपी
- ख. उपभोक्ता समिति गठन गर्दाको आम भेलाको फोटाहरुको प्रतिलिपि
- ग. प्राविधिक लगत इष्टिमेट
- घ. वडा कार्यालयको सिफारिस
- ङ. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको
- च. योजनास्थलको निर्माण अगावैको फोटो

नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत
२०८१।०५।१६

कृष्णराज जोशी
योजना शाखा प्रमुख

नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकिय अधिकृत

**नोटः-** विनियोजित रकमको रु.१५ लाखभन्दा तलका योजनाहरुको मात्रै उपभोक्ता समिति गठन गर्नहुन। साथै सो भन्दा माथिको योजनाहरुको अनिवार्य टेन्डरमार्फत काम हुने समेत जानकारी गराइन्छ।



CamScanner